सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

आज मिति २०७८/०३/०६ गते यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झगबहादुर विश्वकर्माज्यूको अध्यक्षतामा तपशिल बमोजिमका कार्यपालिका सदस्यज्यूहरूको उपस्थितिमा गाउँकार्यपालिकाको ८४ औं बैठक बसि निम्न बमोजिमका निर्णयहरु गरी साथ सम्पन्न गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा | अध्यक्ष | |
| २ | श्री मिना कुमारी सोमै | उपाध्यक्ष | |
| ३ | श्री बसन्त बहादुर जि.सी. | सदस्य | |
| ४ | श्री चिन्त बहादुर सोमै मगर | सदस्य | |
| ५ | श्री भिम वहादुर मर्साङी मगर | सदस्य | |
| ६ | श्री तुल बहादुर रोका मगर | सदस्य | |
| ७ | श्री मुकुन्द राज शर्मा | सदस्य | |
| ८ | श्री सन्त वहादुर बराल मगर | सदस्य | |
| ९ | श्री मो. हलिम हलुवाइ | सदस्य | |
| १० | श्री टंक प्रसाद सुनार | सदस्य | |
| ११ | श्री शुशिला के.एम. | सदस्य | |
| १२ | श्री चन्द्रिमा थापा | सदस्य | चन्द्रीमा |
| १३ | श्री जिवा सुनार | सदस्य | जिवा सुनार |
| १४ | श्री खिमा सुवेदी | सदस्य | खिमा |
| १५ | श्री चिन्तामणि रेग्मी | सदस्य-सचिव | |
| अन्य उपस्थिति | | | |
| १ | श्री लाईराम आचार्य | अधिकृत, [illegible] | |
| २ | श्री [illegible] | लेखा अधिकृत | |
| ३ | श्री [illegible] | [illegible] | |

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बदुर्डाडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

# सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक (बैठक संख्या-८४)

## मितिः- २०७८/०३/०६

बैठकका प्रस्तावहरुः

१. आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

२. सडक मर्मत सम्बन्धमा ।

३. बहुक्षेत्रिय पोषण कार्यक्रम सम्बन्धमा ।

४. नदिजन्य पदार्थ निकासीमा खटिएका कर्मचारीहरुको भत्ता सम्बन्धमा ।

५. प्रा.वि. नि.मा.वि तहमा कार्यरत एकमुष्ठ शिक्षक अनुदान भुक्तानी सम्बन्धमा ।

६. ५० हजार भन्दा कम बजेटका योजनाहरुको भुक्तानी सम्बन्धमा ।

७. जग्गा प्रासिको लागी नपुग रकम सम्बन्धमा ।

८. आर्थिक सहायता सम्बन्धमा ।

९. शिक्षाको प्रोत्साहन अनुदान रकम सम्बन्धमा ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भगवान बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थवाङ, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक मितिः- २०७८/०३/०६ गतेका

## निर्णयहरु

निर्णय न. १ आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

यस सरुमारानी गाउँपालिका, आर्थिक विकास समितिको मिति २०७८/२/२८ गते बसेको बैठकका तपशिलका प्रस्ताव तथा निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

१. बेरोजगार युवा लक्षित कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रमको योजना बाँडफाड ।
२. राष्ट्रिय फलफुल विकास कार्यक्रम ।
३. साना व्यबसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम ।

निर्णय न. २ सडक मर्मत सम्बन्धमा ।

यस सरुमारानी गाउँपालिकामा लगातार वर्षाका कारणले अवरुद्ध भएका वडा कार्यालय जोडने तथा अन्य महत्वपुर्ण सडकहरु तत्काल सफा/मर्मत गर्नु पर्ने भएकोले प्राविधिक ईष्टिमेट गरी काम अगाडी बढाउने र उक्त रकम मर्मत संभार कोष शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न. ३ बहुक्षेत्रिय पोषण कार्यक्रम सम्बन्धमा ।

यस गाउँपालिकाको चालु आ.ब. २०७७/०७८ को स्वीकृत बहुक्षेत्रिय पोषण कार्यक्रम कार्यान्वयन गर्ने चरण सुरु भएपछि कोभिड-१९ को दोश्रो चरणको महामारिका कारण कार्यक्रम कार्यान्वयन हुन कठिन भएको र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८।०३।०२, च.न. ५२० को पत्र अनुसार यस गाउँपालिकाको स्वीकृत कार्यक्रम मध्ये कार्यक्रम कार्यान्वयन हुन नसक्ने शिर्षकबाट सो पत्रको बुँदा नं. ४ बमोजिम विपन्न समुदायका सुनौलो हजार दिनका महिलाहरुलाई पोषिलो झोला वितरण गर्न सकिने भएकोले खर्च हुन नसक्ने कार्यक्रम शिर्षकबाट विपन्न समुदायका सुनौलो हजार दिनका महिलाहरुलाई पोषिलो झोला वितरण रु ५,५४,०००/- विनियोजन गर्न गाउँपालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको मिति २०७८/३/४ गतेको बैठकबाट सिफारिस भएकोले उक्त सिफारिस बमोजिम बजेट तथा कार्यक्रम संशोधन गरी काम गर्ने निर्णय गरियो

निर्णय न. ४ नदिजन्य पदार्थ निकासीमा खटिएका कर्मचारीहरुको भत्ता सम्बन्धमा ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भगवान बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

सरुमारानी गाउँ कार्यपालिकाको मिति मिति २०७८/११/१४ गतेको बैठकको निर्णय न. २० अनुसार नदिजन्य पदार्थ निकासी कार्यको लागी तोकीएका घाटहरु/स्थानहरुमा यस कार्यालयबाट खटिएका कर्मचारीहरुलाई दैनिक रु ५००/- थप सुविधा उपलब्ध गराउने भनी निर्णय भएकोमा तहाँ खटिएका तपशिलका कर्मचारीहरुको कार्यबोझ, ब्यस्तता र नदिजन्य पदार्थ निकासी अनुगमन समितिको मिति २०७८/१२/०४ गतेको सिफारिसका आधारमा रु २००/- थप गरी रु. ७००/- का दरले फिल्ड भत्ता उक्त रोयल्टि उठेको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

तपशित

१. श्री गोविन्द प्र. पोखेल कार्यालय सहयोगी २. हेमन्त जि.सी. कार्यालय सहयोगी ३. खोपिराम सोमै मगर-बरिष्ठ नगर प्रहरी ४. शेखर शर्मा-नगर प्रहरी ५. एक बहादुर सोमै मगर-नगर प्रहरी ।

निर्णय न. ५ प्रा.वि.र नि.मा.वि तहमा कार्यरत एकमुष्ठ शिक्षक अनुदान भुक्तानी सम्वन्धमा ।

नेपाल सरकारको शसर्त अनुदान शिर्षक: एक मुष्ट शिक्षक अनुदान शिर्षकबाट तलव भत्ता खाने प्रा.वि. र नि.मा.वि. शिक्षकहरुको बजेट निकासा नभएकोले यस गाउँपालिकाको चालु आ.ब.को शिक्षा क्षेत्रको सि.न. (१६) शैक्षिक गुणस्तर सुधार कार्यक्रम शिर्षकबाट वाकी महिनाको तलव भत्ता उपलब्ध गराउने निर्णय गिरियो ।

निर्णय न. ६. ५० हजार भन्दा कम बजेटका योजनाहरुको भुक्तानी सम्बन्धमा ।

यस सरुमारानी गाउँपालिकाका चालु आ.ब. २०७७/०७८ का बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत उपभोक्ता समितिहरुबाट संचालन गरिएका रु. ५०,०००/- भन्दा साना योजनाहरुको उपभोक्ता समितिको बैंक खाता खोलि भुक्तानी लिन समस्या भएको भनी गुनासा प्राप्त हुन आएकोले उपभोक्ताहरुलाई रकम भुक्तानी गर्दा रकम प्राप्त गर्ने ब्यक्ति उल्लेख गरी उपभोक्ता समितिको निर्णय र वडा समितिको सिफारिसमा सम्बन्धित ब्यक्तिको बैंक खाता मार्फत भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय न. ७ जग्गा प्राप्तिको लागी नपुग रकम सम्बन्धमा ।

सरुमारानी गाउँपालिका वडा नं. ४ बङ्गाँडा बजारमा अवस्थित यस सरुमारानी गाउँपालिकाको प्रशासनिक भवनको उत्तर तर्फ कित्ता नं. ४३० को क्षेत्रफल १६८ वर्गमिटर जग्गाको कारण भवनको उत्तर प्रवेशद्धार अवरुद्ध हुनुका साथै गाउँपालिकालाई निशुल्क प्राप्त कित्ता नं. ४६३ मा जाने एवम पार्किङ्ग स्थल निर्माण लगायत सो जग्गाको प्रभावकारी उपयोगमा समेतमा वाधा पुग्न गएकोले शिवप्रसाद घिमिरेको नाममा रहेको उक्त कित्ता नं. ४३० को

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

क्षेत्रफल १६८ वर्गमिटर जग्गा खरिद गर्न गाउँपालिकाको सातौं गाउँसभाबाट रु. १५,००,०००/- मात्र बजेट बिनियोजन भएको र सो जग्गा प्राप्तिको लागी नेपाल सरकारबाट प्राप्त सहमति अनुसार मिति २०७८/२/३१ गते जग्गा प्राप्ति ऐन २०३४ अनुसार गठित प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको जग्गा मुआब्जा/मुल्यांकन समितिको बैठकले सो जग्गाको मुल्याकन रु. २१,२५,०००/- निर्धारण गरेकोले सो जग्गा खरिदको लागी नपुग रकम रु ६,२५,०००/- आगामी गाउँसभाबाट अनुमोदन हुने गरी तपशिलको शिर्षकबाट रकमान्तर गर्ने र उक्त जग्गा गाउँपालिकाको नाममा रजिष्ट्रेसन पास गरी रकम भुक्तानी गर्ने निर्णय गरियो ।

तपशिल

१. रानीकुवाँ घेरावार निर्माण-रु. ४,००,०००/-
२. कन्टेन्जेन्सी रकम शिर्षक-रु. २,२५,०००/-

निर्णय न. ८ आर्थिक सहायता सम्बन्धमा ।

यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न ब्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपशिलः

| सि.न | विरामी व्यक्तिको नाम /अभिभावकको नाम | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | झविन्द्र जि.सी | वडा न. १ | १०,०००/- | विपद ब्यवस्थापन कोष |
| २ | तिला आले | वडा न. १ | १०,०००/- | विपद ब्यवस्थापन कोष |
| ३ | नारायण वहादुर थापा | वडा न. १ | १०,०००/- | विपद ब्यवस्थापन कोष |
| ३ | अमिर मियाँ | वडा न. १ | ५०००/- | विपन्न असाहय सहायता |
| ४ | टिकाराम विश्वकर्मा | वडा न. १ | ५०००/- | विपन्न असहाय सहायता |

निर्णय न. ९ शिक्षाको प्रोत्साहन अनुदान रकम सम्बन्धमा ।

संघीय सरकारको सशर्त अनुदान अन्तर्गतको विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गतका अनुदानहरू तपसिल अनुसारका विद्यालयहरूलाई प्रदान गर्नका लागि शिक्षा शाखाले गरेको सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

श्रमरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७२

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

तपसिल :

| क्र. सं. | अनुदान शीर्षक | छनोट भएको विद्यालय संख्या | छनोट भएका विद्यालय | रकम रु |
|---|---|---|---|---|
| १ | उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सदृढीकरणका लागि प्रोत्साहन अनुदान | १ | सरस्वती मा. वि. चाभा | २०००००/- |
| २ | तोकिएको सूचाङ्कका आधारमा कार्यसम्पादन गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान | ३ | १. श्रमरानी मा. वि. बुढीचौर | ५००००/- |
| | | | २. खड्गेश्वरी मा. वि. दर्भान | ५००००/- |
| | | | ३. जनता मा. वि. वड्डाँडा | ५००००/- |
| ३ | गणित, विज्ञान र अंग्रेजी विपयकालागि क्रियाकलापमा आधारित सामग्री kits अनुदान | १ | बाल विकास आधारभूत विद्यालय गनाहा | ५००००/- |

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

उपरोक्त निर्णयहरु गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

प्रमाणिकरण मितिः२०७८/०३/०६

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner